जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २५ २०८२ साल साउन ३१ गते शनिबार (16 Aug 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कोशी प्रदेशमा लिम्बू ... ३ पृष्ठमा : हिन्दुकुश हिमालय संसदीय... ३ पृष्ठमा : कश्मीरमा बाढीका ...

## प्रधानमन्त्रीद्वारा मधेशमा निर्दोषलाई फसाउने र दोषीलाई उम्काउने प्रवृत्ति अन्त्य गर्न प्रहरीलाई निर्देशन

**दैनिक समाचारदाता**
**जनकपुर, ३० साउन ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशमा सुशासन कायम गर्न र सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन निर्देशन दिएका छन् ।



जनकपुरस्थित मधेश प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवनको शुक्रबार उदघाटन गर्दै प्रधानमन्त्री ओलीले उक्त निर्देशन दिदै मधेशमा निर्दोषलाई फसाउने र दोषीलाई उम्काउने प्रवृत्ति तत्काल अन्त्य गर्न समेत प्रहरीलाई निर्देशन दिए ।

प्रधानमन्त्री ओलीले प्रहरीलाई 'जनतालाई प्रारम्भिक सेवा र न्याय दिने' संस्थाको रूपमा विकास गर्नुपर्ने बताए । उनले सुशासनका दुई पाटा भ्रष्टाचार नियन्त्रण र छिटोछरितो सेवा प्रवाहमा सरकार कटिबद्ध रहेको प्रतिबद्धता समेत व्यक्त गरे ।

मधेशमा लागूऔषधको समस्या गम्भीर बन्दै गएकोमा चिन्ता व्यक्त गर्दै प्रधानमन्त्रीले खुला सीमानाको नाजायज फायदा उठाउनेलाई रोक्नुपर्नेमा जोड दिए । उनले राजस्व छली हुने र लागूऔषधको कारोबार बढ्ने समस्यालाई कडाइका साथ नियन्त्रण गर्न सुरक्षाकर्मीलाई निर्देशन दिए ।

प्रधानमन्त्रीले मधेश प्रदेश प्रहरी कार्यालयको भवन निर्माणमा सहयोग पुऱ्याएकोमा मधेश प्रदेश सरकारलाई धन्यवाद पनि दिए ।

आफ्नो सम्बोधनका क्रममा प्रधानमन्त्री ओलीले हालै जनकपुरमा नेपाल पत्रकार महासंघ र बार एसोसिएसनबीच भएको विवादलाई लक्षित गर्दै कानुनी बाटोबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

'कानुन संवादबाट हुने कुरा जोर-जबरजस्ती गर्न खोज्ने काम हुनु हुँदैन,' उनले भने, 'यस्ता गतिविधि फेरि नदोहोऱ्याउनु होला ।' कार्यक्रमको क्रममा पत्रकार महासंघ मधेश प्रदेशले जग्गा विवादमा अधिवक्ताहरूको समूहले पत्रकारमाथि आक्रमण गरेको भन्दै प्रधानमन्त्री ओलीलाई ज्ञापन पत्र बुझाएको छ ।

विसं २०८० असोज १० निर्माण सम्झौता भई भवन निर्माण सुरु भएको थियो । जनकपुरधाम उपमहानगरपालिका ४ मा करिब २३ करोड १० लाख ४३ हजार ४ सय ७ रुँपैयाको लागतमा प्रदेश प्रहरी कार्यालय भवन निर्माण गरिएको हो ।

## पत्रकार यादवलाई आक्रमण गर्ने मध्ये एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल अगाडी पत्रकार सौरभ यादवमाथि आक्रमण गर्ने मध्ये एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा आक्रमण गर्ने तीनजना मध्ये राजबिराज नगरपालिका वडा नम्बर ११ बस्ने राजु यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब निरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । उनले घटनामा संलग्न अझै दुईजनाको खोजी कार्य भईरहेको समेत जानकारी दिए ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको मूल गेट अगाडि शुक्रबार बिहान आफ्ना सहकर्मीहरुसँग कुराकानी गरिरहेको बेला एउटा मोटरसाइकलमा आएका तीन जनाको समूहले पत्रकार यादवमाथि चक्कु प्रहार गरेको हो ।

चक्कु प्रहारबाट यादवको दाहिने हातमा घाउ बनेको छ । ती समूहले हेलमेटले समेत पत्रकार यादवको टाउकोमा प्रहार गरेका थिए । हमला गरे लगत्तै ती तीनै जना मोटरसाइकलमा चढेर तत्कालै फरार भएका थिए ।

## स्रोत नखुलेको रकमसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरी प्रहरीले स्रोत नखुलेको रकमसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्लाको सप्तकोसी नगरपालिका ४ स्थित तुलसी चौकबाट २० लाख १८ हजार स्रोत नखुलेको रकमसहित दुई जनालाई नियन्त्रणमा लिएको हो ।

धनकुटाको सहिदभूमि गाउँपालिका वडा ३ घर भएका २१ बर्षीय जीवन लमजेल र सोही ठाउँका २८ बर्षीय आयन राई लाई रकमसहित नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब निरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

को.३३प.१८९४ नम्बरको मोटरसाइकलमा सवार दुवै जना कञ्चनपुरबाट फत्तेपुरतर्फ जाँदै गरेको अवस्थामा शंका लागि चेकजाँच गर्दा स्रोत

बाँकी दुई पृष्ठमा

## प्रत्यक्ष र परोक्ष दुवैलाई अबिलम्ब पक्राउ गर्न माग



**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**


नेपाल पत्रकार महासंघ सप्तरीले पत्रकार सौरभ यादवमाथी भएको आक्रमणको भर्त्सना गर्दै आक्रमण गर्नेलाई अविलम्ब पक्राउ गरि कारवाहीको माग गरेको छ ।

महासंघका सहसचिव डम्बर राईद्वारा शुक्रबार जारि विज्ञप्तिमा नयाँ पत्रिका दैनिकका सप्तरी सम्वाददाता सौरभ यादव माथि आक्रमण गर्नेलाई पक्राउ गरि कारबाही गर्न माग गरेको हो ।

विज्ञप्तिमा महासंघले घटनामा संलग्न समुहलाई पक्राउ गरि कानूनी दायरमा नल्याए आन्दोलन गर्ने चेतावनी समेत दिएको छ ।

सहसचिव राईद्वारा जारी प्रेस विज्ञप्तिमा 'आक्रमणबाट घाईते भएका पत्रकार यादवको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै घटनामा संलग्न भएका प्रत्यक्ष र परोक्ष, दुवैलाई

बाँकी दुई पृष्ठमा



# नेपाल भारत सम्बन्ध ऐतिहासिक : परराष्ट्रमन्त्री

काठमाडौं, ३० साउन (रासस)।

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपाल र भारतबीच ऐतिहासिक मित्रता, आपसी विश्वास र सहकार्य रही आएको बताउँदै आगामी दिनमा यसलाई थप प्रगाढ बनाउनुपर्नेमा जोड दिनुभएको छ। भारतको ७९औं स्वतन्त्रता दिवसका अवसरमा नेपालस्थित भारतीय राजदूतावासद्वारा आज ललितपुरमा आयोजित कार्यक्रममा उहाँले भारत नेपालको एक असल छिमेकी राष्ट्रका रूपमा रहेको भन्दै दुई देशबीचको सदियौं पुरानो सम्बन्धका विविध आयामका बारेमा चर्चा गर्नुभयो।

भारतको आर्थिक विकासको असाधारण यात्राको प्रशंसा गर्दै मन्त्री डा राणाले व्यापार, प्रविधि, पूर्वाधार र जनस्तरका आकांक्षाहरूमा दुई देशले संयुक्त सहकार्य विस्तार गरेर अघि बढ्ने पनि बताउनुभयो। नेपाल-भारत सम्बन्ध केवल भौगोलिक सीमामा सीमित नरही हिमाल, नदी तथा प्राचीन सभ्यताको साझा ज्ञानले जोडिएको र दुइ देशबीचको साझा संस्कृति र जनस्तरको सम्बन्धले त्यसलाई अटुट बनाएको उहाँले बताउनुभयो।

मन्त्री डा राणाले जलवायु परिवर्तन, दिगो विकास र साझा चुनौतीहरूको समाधानमा दुई देशबीचको सहकार्य आगामी दिनहरूमा अझ आवश्यक रहेका उल्लेख गर्नुभयो। यसअघि आजै मन्त्री डा राणाले भारतीय विदेशमन्त्री डा एस जयशंकरमार्फत् भारत र भारतीय जनताप्रति स्वतन्त्रता दिवसको हार्दिक बधाई ज्ञापन गर्दै नेपालले भारतसँगको दीर्घकालीन र दिगो साझेदारीलाई उच्च सम्मानका साथ मूल्याङ्कन गरेको बताउनुभएको थियो।

# गोली हानेर चार लागुऔषध कारोबारी पक्राउ

नेपालगञ्ज, ३० साउन (रासस)।

बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाको बसपार्कमा आज प्रहरीले गोली हानेर लागुऔषध खैरो हेरोइन कारोबारमा संलग्न चार जनालाई पक्राउ गरेको छ।

प्रहरीले लागुऔषध कारोबारमा संलग्न रहेका दुई जनालाई सुरूमा पक्राउ गरेको र दुई जनाले प्रहरीमाथि ढुङ्गामुढा गरेर भाग्न खोज्दा उनीहरूमाथि दुई राउड गोली चलाइएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी उपरीक्षक रामबहादुर घर्तिले जानकारी दिनुभयो।

"लागुऔषधको कारोबार भइरहेको भन्ने सूचनाका आधारमा दुई जनालाई पिछा गरिरहेका थियौं। तर त्यहाँ चार जना रहेछन्", उहाँले भन्नुभयो। दुई जनालाई प्रहरीले पक्राउ गरेपछि दुई जनाले प्रहरीमाथि ढुङ्गामुढा गरेर भाग्न

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोशी प्रदेशमा लिम्बू र मैथिली भाषा प्रचलनको तयारी, थारु भाषा पनि समेट्न माग

**मोहम्मद सदरुल**

विराटनगर, ३० साउन (रासस)।

कोशी प्रदेशसभामा 'कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' पारित भएपछि सरकारी कामकाजमा लिम्बू र मैथिली भाषा पनि प्रचलनमा आउने भएको छ।

भाषा आयोगले सार्वजनिक गरेको आठौं प्रतिवेदनले कोशी प्रदेशमा बोलिने भाषामध्ये नेपाली पहिलो, लिम्बू दोस्रो र मैथिली तेस्रो स्थानमा रहेको देखाएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा कूल जनसङ्ख्या ४९ लाख ६१ हजार ४१२ छ। जसमा मैथिली भाषी ११ दशमलव ६८ प्रतिशत र याक्थुम (लिम्बू) भाषा बोल्नेको सङ्ख्या छ दशमलव सात प्रतिशत छ।

तर कोशी प्रदेशसभामा सर्वप्रथम गैरसरकारी विधेयकका रुपमा आएको 'कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' बहुमतले अस्वीकृत भएको थियो। यो विधेयक प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कोशी प्रदेशसभा सदस्य गोम्बु शेर्पा र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) कोशी प्रदेशसभा सदस्य खिनु लङ्वा लिम्बूले सो विधेयक सदनमा टेबुल गर्नुभएपछि सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्दा सत्तापक्षबाट बहुमतले अस्वीकार गरेको थियो।

कोशी प्रदेश सरकारमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को गठबन्धनमा सरकार बनेको छ जसको नेतृत्व नेकपा एमाले कोशी प्रदेशसभा संसदीय दलका नेता हिक्मतकुमार कार्कीले गरिरहनुभएको छ।

सो विधेयक २०८१ साल फागुन २८ गते प्रदेशसभा सचिवालयमा दर्ता भए पनि सरकारले सदनमा विधेयक टेबुल नगरेपछि गैरसरकारी विधेयकका रुपमा सो विधेयक प्रस्तुत भएको थियो।

तर अहिले सरकारले नै यो विधेयक सदनमा टेबुल गराइसकेपछि यसको सैद्धान्तिक छलफल पनि सुरु भइसकेको छ। कोशी प्रदेशभित्र बोलिने मातृभाषाको संरक्षण, प्रवर्द्धन तथा विकास गर्ने उद्देश्यले यो विधेयक आएको सरकारको भनाइ छ।

सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न कोशी प्रदेश सरकारले आफ्नो प्रतिबद्धता देखाएको छ।

जसअनुसार कोशी प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने मैथिली भाषा र लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कायम गर्न नेपालको संविधानको धारा ७ को उपधारा (२) मा व्यवस्था भएबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न कोशी प्रदेशसभामा पेश गरिएको हो।

यो ऐन २०८२ साल कात्तिक २५ गतेदेखि प्रारम्भ हुने भनिएको छ। राष्ट्रिय विभूति फाल्गुनानन्द जयन्तीको अवसर पारेर सरकारी कामकाजको भाषाका रुपमा लिम्बू र मैथिली भाषा प्रयोग गर्ने योजना सरकारले बनाएको छ।

**सरकारी कामकाजमा यी भाषाको प्रयोग कसरी हुन्छ ?**

प्रदेशका कार्यालयहरुले सरकारी कामकाजको सिलसिलामा भाषा अनुवाद गर्न वा प्रयोग गर्ने व्यवस्था मिलाउने छन्।

प्रस्तावित विधेयकमा प्रदेश सरकारले प्रदेशसभामा विधेयक पेस गर्दा सरकारी कामकाजका भाषामा समेत अनुवादित प्रति पेस गर्नसक्ने, प्रदेश सरकारले नेपाली भाषाका अतिरिक्त सरकारी कामकाजको भाषामा समेत प्रदेश राजपत्र प्रकाशन गर्ने व्यवस्था मिलाउन सक्ने, कार्यालयले पत्राचार र सार्वजनिक सूचना प्रकाशन गर्दा कागजातको शीर्ष भागमा सरकारी कामकाजको भाषामा नाम र संवत्समेत उल्लेख गर्नसक्ने, कुनै सेवाग्राहीले सरकारी कामकाजको भाषामा निवेदनसहित आवश्यक कागजात पेस गरेमा कार्यालयले कार्यसम्पन्न भएपश्चात् सम्बन्धित भाषामै अनुवाद गरी आवश्यक कागजात उपलब्ध गराउन सक्ने, सरकारी कामकारबाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेज सरकारी कामकाजको भाषामा समेत अनुवाद गरी अभिलेखीकरण वा सार्वजनिकीकरण गर्न सकिनेछ।

यस्तै, प्रदेश सरकारले शिक्षा, साहित्य, भाषा, कला र सञ्चारसम्बन्धी कार्यक्रम, अध्ययन र अनुसन्धानमार्फत सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेशभित्र बोलिने अन्य राष्ट्रभाषाको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ। प्रदेशभित्र बोलिने सबै राष्ट्रभाषासम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न सकिने तथा सरकारी कामकाजको भाषाका अतिरिक्त अन्य राष्ट्रभाषाको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ। सरकारी कामकाजको भाषाको अतिरिक्त आफ्नो स्थानीय तहमा बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई सम्बन्धित स्थानीय तहले नियम बनाई स्थानीय सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सक्नेछ भन्ने पनि विधेयकमा उल्लेख छ।

**बजेट व्यवस्था गर्ने**

सरकारी कामकाजको भाषाको संरक्षण र प्रवर्द्धनका लागि प्रदेश सरकार तथा स्थानीय तहले कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ। यी भाषा लागू भएपछि प्रदेश सकारले तत्काल २५६ जना सातौं तहका कर्मचारीको व्यवस्थापन गर्नुपर्ने आवश्कता देखिएको छ।

**विज्ञ समूह गठन**

राष्ट्रभाषासमेतको संरक्षण, प्रवर्धन र विकासका लागि कम्तीमा एक तिहाइ महिलासहित बढीमा ११ जना विज्ञ सम्मिलित रहेको विज्ञ समूहको गठन गर्नेछ जसले सरकारी कामकाजको भाषाका सम्बन्धमा आवश्यक सुझाव र परामर्श दिने, भाषाको अध्ययन, अनुसन्धान, मानकीकरण, शैक्षिक व्याकरण तथा शब्दकोष र प्राविधिक शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने, प्रदेशभित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषाहरूको स्तरवृद्धि गर्न आवश्यक सुझावहरू दिने, प्रदेशभित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषा तथा लिपिहरूको पहिचान गर्नेछ।

साथै सूचीकरण, संरक्षण र विकास गर्न सहयोग गर्ने, सरकारी कामकाजको भाषालाई टेवा दिनेखालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरू तयारी एवं प्रकाशन कार्यमा सहयोग गर्ने, भाषासम्बन्धी विषयमा आवश्यक सुझाव दिने तथा सरकारी कामकाजको भाषामा लेखिएका सरकारी कागजपत्र वा कुनै सरोकारवाला व्यक्तिले दिने निवेदन वा पत्र सूचीकृत अनुवादकले अनुवाद गर्ने व्यवस्था गरिएको छ।

**नागरिक बडापत्र र सूचना पाटी**

कार्यालयले सरकारी कामकाजको भाषामा सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा नागरिक बडापत्र वा सूचना पाटी राख्न सक्नेछ। कार्यालयले आफ्नो साइनबोर्डमा सरकारी कामकाजको भाषाको लिपिमा कार्यालयको नाम उल्लेख गर्नुपर्नेछ।

**भाषाको पुनरावलोकन**

प्रस्तावित विधेयकले सरकारी कामकाजको भाषाको प्रयोग तथा सेवाप्रवाहको प्रभावकारिताको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनका आधारमा प्रत्येक पाँच वर्षमा सरकारी कामकाजको भाषाको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्ने भनिएको छ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशसभा बैठकमा सरकारी कामकाजको भाषाको कार्यान्वयन गर्ने विषय जटिल भएको, यसका लागि अध्ययन आवश्यक रहेको, बजेटको व्यवस्था गर्नुपर्ने जरुरी रहेको तथा प्रदेशका सबै निकायहरुको अपनत्वसमेत हुनुपर्ने हुँदा विधेयक पारित भई कार्यान्वयनमा लैजान केही ढिलाइ भएको प्रतिक्रिया दिनुभयो।

विधेयकको सैद्धान्तिक छलफलमा कोशी प्रदेशसभा सदस्य एवं पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राईले भाषा राष्ट्रको सम्पत्ति एवं पुँजी भएकाले यसलाई बोझका रुपमा लिन नहुने भन्दै भाषा ज्ञान र सभ्यतासँग जोडिएकाले यसको संरक्षण सम्बर्द्धन गर्नु जरुरी छ भन्नुभयो।

जनता समाजवादी पार्टी कोशी प्रदेशसभा संसदीय दलका नेता निर्मला लिम्बूले यो विधेयक पहिले नै आउनुपर्ने भन्दै ढिलोगरी आए पनि प्रदेशलाई समृद्ध बनाउन विधेयकले मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो।

कोशी प्रदेशमा याक्थुम लिम्बू भाषी प्रदेशका सबै जिल्लामा छरिएर रहेको तथा मैथिली भाषी झापा, सुनसरी, मोरङमा बढी रहेको छ।

यसैबीच, कोशी प्रदेशसभामा चार दशमलव चार प्रतिशत रहेको थारु भाषाभाषीलाई पनि विधेयकले समेट्नुपर्ने माग उठेको छ।

## प्रत्यक्ष...

अविलम्ब पक्राउ गरी कार्वाहीको दायरामा नल्याए नेपाल पत्रकार महासंघ आन्दोलनमा उत्रिने जानकारी गराउँदछ।'

'पछिल्लो समय सप्तरीका पत्रकारहरुले विभिन्न अड्डाहरुको बेथिती र सत्य सूचना जनता समक्ष पुर्याइरहेकै कारण यहाँका पत्रकार 'स्वार्थ समूह'को निशानामा परेको ठहर गर्दै जारी विज्ञप्तिमा 'यसरी दिनदहाडै एक जना पत्रकारमाथि सदरमुकाममा भएको घटनाको घोर भर्त्सना गरेको छ।

## स्रोत...

नखुलेको रकम फेला परेको उनले बताए।

नियन्त्रणमा लिईएका दुवै जनालाई ईलाका प्रहरी कार्यालय कंचनपुरको हिरासतमा राखी थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय कञ्चनपुरले प्रहरी जनाएको छ।

# हिन्दुकुश हिमालय संसदीय बैठकको तयारी अन्तिम चरणमा

काठमाडौँ, ३० साउन (रासस) ।

‘हिन्दुकुश हिमालय क्षेत्र’मा पर्ने मुलुकका संसद्बीच साझा धारणा, संवाद र समन्वयका हुन लागेको ‘हिन्दुकुश हिमालय संसदीय बैठक’ को तयारी अन्तिम चरणमा पुगेको छ ।

सङ्घीय संसद्, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको आयोजनामा आगामी भदौ २ र ३ गते काठमाडौँमा हुने बैठकमा हिन्दूकुश हिमालय क्षेत्रका देशहरू नेपाल, भारत, चीन, बङ्गलादेश, भुटान, म्यानमार र पाकिस्तानका संसदीय प्रतिनिधिको सहभागिता हुनेछ ।

राष्ट्रपति रामचन्द्र पौडेल प्रमुख अतिथि तथा सभामुख देवराज घिमिरे विशिष्ट आतिथि रहनुहुने उक्त कार्यक्रमको स्वरुप र ढाँचाबारे कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको शुक्रबारको बैठकमा सदस्य र सरोकारवालालाई जानकारी दिइयो ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को प्राविधिक सहयोगमा आयोजना हुने कार्यक्रममा हिन्दुकुश क्षेत्रमा जलवायु परिवर्तन, वातावरण प्रदुषण र जैविक विविधताका विषयमा परेको असर, जोखिम र त्यसक्षेत्रका अवसरबारे विस्तृत र गहन छलफल हुने आयोजक समितिका संयोजक वीरबहादुर बलायरले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको छ, जलवायु परिवर्तनको ठूलो असर हिन्दुकुश क्षेत्रमा परेको छ, जैविक विविधता पनि लोप भएर गइरहेको छ । यसलाई न्यूनीकरण गर्न बेलैमा साझा पाइला चालेर केही गर्न सकिन्छ कि भन्ने उद्देश्य कार्यक्रमको रहेको छ ।”

हिन्दुकुश हिमालय एक जैविक विविधता र सांस्कृतिक रूपमा धनी पर्वतीय क्षेत्र हो, जुन अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तान गरी आठ देशमा फैलिएको छ ।

बैठकमा हिन्दुकुश हिमालय क्षेत्रमा रहेका देशका जनप्रतिनिधि, संसदीय समितिका प्रमुख तथा सदस्य करिब २५ जना तथा जलवायु परिवर्तन, वायुप्रदूषण र वातावरणका विषयसँग सम्बन्धित विज्ञकोसमेत सहभागिता रहनेछ । वन तथा वातावरण तथा परराष्ट्र मन्त्रालयसँगको आवश्यक समन्वय गर्नेछन् ।

विश्व समुदायले जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र वायु प्रदूषणजस्ता समस्या भोग्नु परिरेको परिप्रेक्षमा हिन्दुकुश राष्ट्रका सांसदहरूलाई एउटै मञ्चमा बसेर समस्या समाधानका लागि साझा धारणा बनाउन प्रयत्न हुने जनाइएको छ ।

हिन्दुकुश क्षेत्रका मुलुकका संसद्बीच नीति तथा कानुन निर्माण र दिगो विकासमा ज्ञान, सीप तथा नविन धारणालाई आदानप्रदान गर्ने उद्देश्यले बैठक आयोजना गर्न लागिएको समितिका सभापति कुशुमदेवी थापाले जानकारी दिनुभयो ।

राजनीतिक र संसदीय नेतृत्वलाई एकै ठाउँमा राखेर छलफल गर्दा प्राप्त हुने निष्कर्षलाई भावी दिनमा सम्बन्धित देशका जलवायु नीतितर्जुमा तथा जलवायु अनुकूलन, कार्बन उत्सर्जन न्यूनीकरण, क्षेत्रीय रणनीति तयार पारी कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण योगदान पुग्ने उहाँको विश्वास छ ।

हिन्दुकुश हिमालय क्षेत्रले जलवायु परिवर्तन, जैविक विविधताको क्षति र प्रदूषणको प्रभावसँगै तीव्र सामाजिक-आर्थिक परिवर्तनबाट विभिन्न सङ्कटको सामना गरिरहेको छ । यसबाट पारिस्थितिक प्रणाली, प्राकृतिक स्रोत, जीविकोपार्जन र मानव जीवनमा गम्भीर प्रभाव पारिरहेको छ ।

ज्वलन्त पर्वतीय मुद्दालाई राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी मञ्चमा साझा दृष्टिकोण, सक्रिय सहभागिता र समुचित रूपमा उठाउने बैठकको सङ्कल्प छ ।

बैठकमा जलवायु परिवर्तन, जैविक विविधताको क्षति र वायु प्रदूषणसँग सम्बन्धित प्रमुख समस्याका साथै साझा चुनौती र अवसरका बारेमा संसदीय अभ्यास तथा बुझाइलाई नवीन ढङ्गबाट अभिवृद्धि गर्ने प्रयत्न हुने बैठकमा पहिलो दिन चार र दोस्रो दिन एक दर्जनको हाराहारीमा विभिन्न सत्र सञ्चालन हुने परराष्ट्र मन्त्रालयका सहसचिव लोकबहादुर पौडेल क्षेत्रीले बताउनुभयो । कार्यक्रमका समग्र स्वरुप र ढाँचाबारे संसदीय समितिका सदस्यहरुलाई जानकारी दिँदै उहाँले समयको परिपालना र व्यवस्थापनमा सरोकारवालाबीच समन्वय, सहयोग र सहकार्यको आवश्यकता औँल्याउनुभयो ।

वन तथा वातावरण मन्त्रालयका जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालले जलवायु परिवर्तनले हिमालय क्षेत्रमा पारेको प्रभाव मात्र नभई सम्भावना र अवसरबारे पनि कार्यक्रममा पर्याप्त छलफल हुने जानकारी दिनुभयो ।

भावी पुस्ताको दिगो भविष्य सुनिश्चित गर्न विभिन्न वातावरणीय र सामाजिक-आर्थिक चुनौती तथा आवश्यकता, सम्भावना र अवसर मिहीन रूपमा पहिचान तथा छलफल गरी सामूहिक रूपमा सम्बोधन गर्ने सम्मेलनले मुख्य ध्येय राखेको उहाँले बताउनुभयो ।

जलवायु परिवर्तनलाई नजिकबाट नियाल्नुभएका विषय विज्ञ मञ्जिल ढकालले हिन्दुकुश क्षेत्रका जनप्रतिनिधि जलवायु परिवर्तनका विषयमा एक ठाउँमा जुटेर छलफल गर्नु र नेटवर्क गर्ने कार्यमा बहस गर्नु आफैँमा महत्वपूर्ण विषय भएको बताउनुभयो ।

हिन्दुकुश क्षेत्रले तल्लो तटीय क्षेत्रका लगभग दुई अर्ब मानिसलाई पानी, खाना र ऊर्जासहित महत्वपूर्ण पारिस्थितिकीय सेवाहरू प्रदान गर्दछ । यद्यपि, यो क्षेत्रले जलवायु परिवर्तन, विपद् जोखिम, जैविक विविधताको क्षति र प्रदूषणको गम्भीर प्रभावको सामना गरिरहेको छ । साथै तीव्र सामाजिक-आर्थिक परिवर्तन पारिस्थितिक प्रणाली, प्राकृतिक स्रोतहरू, जीविकोपार्जन र मानव जीवनमा गम्भीर प्रभाव पार्दै गएको छ ।

हिन्दुकुश क्षेत्रमा वातावरणीय र सामाजिक-आर्थिक चुनौतीबारे सांसदसँग छलफल गर्न र सामूहिक रूपमा सम्बोधन गर्न क्षेत्रीय साझा मञ्चको अभाव रहेको अवस्थामा राष्ट्रिय, क्षेत्रीय र अन्तरराष्ट्रिय मञ्चमा पर्वतीय मुद्दाका लागि अझ प्रभावकारी रूपमा वकालत गर्न कार्यक्रम सहयोगी हुने अपेक्षा गरिएको छ ।

# मधेसमा भूमि वितरण अविलम्ब रोक्न माग

काठमाडौँ, ३० साउन (रासस) ।

नेपाल सद्भावना पार्टीका अध्यक्ष अनिलकुमार झाले सुकुम्बासी समस्यालगायत कुनै पनि समस्याको बहानामा भइरहेको मधेसको भूमि वितरण अविलम्ब रोक्न माग गर्नु भएको छ ।

बिहीबार सो पार्टीले यहाँ आयोजना गरेको पत्रकार उहाँले भन्नुभयो, “महिला, युवालाई रोजगारमूलक शिक्षा एवं देशको रोजगारमुखी बिकास आजको आवश्यकता रहेको हाम्रो पार्टीले प्रस्ट पारेको छ । पनि समस्याको बहानामा भइरहेको मधेसको भूमि बितरण कार्य अबिलम्ब रोक्नु पर्छ ।”

त्यस अवसरमा अध्यक्ष झाले सद्भावना पार्टीका चार वटा सैद्धान्तिक र आठ वटा व्यावहारिक प्रतिबद्धता सार्वजनिक गर्नुभयो । सैद्धान्तिक प्रतिबद्धता मधेस आन्दोलनका सहिदलाई अन्य आन्दोलनका सहिदसरह सम्मान स्थापित गराउने उल्लेख गरिएको छ ।

महिला, दलित, मुस्लिम, पिछडावर्ग सहित पहाड तथा तराईका अल्पसङ्ख्यक आफ्नै देशभित्र सदियौँदेखि दमन, उत्पीडन, अन्याय, अत्याचारमा परेको भन्दै उनीहरूको सम्मानपूर्ण नागरिक हक, पहिचान, पहुँच, प्रतिनिधित्व, प्राकृतिक स्रोत एवं राजस्वको बाँडफाँटमा समान अधिकारका लागि संघर्षरत रहने प्रतिबद्धता पनि नेपाल सद्भावना पार्टीले व्यक्त गरेको छ ।

‘एकीकृत नेपालभित्र समृद्ध मधेस र अधिकार सम्पन्न मधेसी समुदाय’ भन्ने पार्टीको स्थापित सैद्धान्तिक मान्यताका लागि संघर्षरत रहने प्रतिबद्धता पनि सो पार्टीले जनाएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट राजनीतिक, आर्थिक, सामाजिक, भाषिक सांस्कृतिक, लैङ्गिक, क्षेत्रीय, जातीय एवं सामुदायिक विभेद अन्त्य एवं प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रताको प्रत्याभूतिका लागि संघर्षरत रहने पार्टीको भनाइ छ ।

सो पार्टीले व्यावहारिक प्रतिबद्धताअन्तर्गत मधेसमा खानेपानी सङ्कटको दीर्घकालीन समाधान, मधेसको उर्वर माटोको क्षयीकरण रोक्ने, उन्नत कृषि प्रणाली स्थापना, स्वरोजगार प्रवर्द्धनका समाधानमुखी प्रयासमा ध्यानाकर्षण गराएको छ । यस्तै सङ्घीयता कार्यान्वयनमा प्रदेश सरकारहरूले देखाइरहेको उदासीनता र केन्द्र सरकारको उपेक्षाभावप्रति सो पार्टीले चिन्ता प्रकट गरेको छ ।

---

### *गोली...*

खोजेपछि बाध्य भएर प्रहरीले गोली चलाएको प्रहरी उपरीक्षक घर्तीले बताउनुभयो ।

प्रहरीले नेपागञ्ज उपमहानगरपालिका-५ का २२ वर्षीय अमन साह, सोही ठाउँ बस्ने २६ वर्षीय भाइजन अन्सारी, भारतको बहराइज रूपैडियाका २० वर्षीय अजयकुमार र २० वर्षीय कात्तिक कुमारलाई पक्राउ गरिएको छ । उनीहरूमध्ये कात्तिक कुमारको खुट्टामा गोली लागेको प्रहरीले जनाएको छ । उनको दायाँ खुट्टामा गोली लागेको छ । लागुऔषध कारोबारीले प्रहार गरेको इट्टा लागेर एक जना प्रहरीसमेत घाइते भएका छन् ।

उहाँलाई उपचारका लागि स्थानीय अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ । उनीहरूसँगबाट प्रहरीले लागुऔषध बरामद गरेको छ ।

## विश्व समाचार

### कश्मीरमा बाढीका कारण ६० जनाको मृत्यु, खोजीकार्य जारी

श्रीनगर (भारत), ३० साउन (रासस/एएफपी) ।

काश्मीरमा आएको बाढीका कारण कम्तीमा ६० जनाको मृत्यु भएको पुष्टि गर्दै उद्धार कार्य जारी रहेको भारतीय उद्धार टोलीले शुक्रबार जनाएका छन् । कश्मीरको किश्तवार जिल्लाको हिमाली गाउँमा भारी वर्षा पछि आएको बाढीले गर्दा मन्दिरको गहि रहेका हिन्दू तीर्थयात्रीहरूसहित दर्जनौं बेपत्ता भएको उनीहरुले जनाएका छन् । उनीहरुका अनुसार यो वर्ष आएको महिना भारतमा आएको दोस्रो ठुलो घातक बाढी प्रकोप हो । अधिकारीहरूले चिसोटी गाउँ स्थित अस्थायी भान्सा बाट १०० भन्दा बढी तीर्थयात्रीहरूलाई बगाएको कस्मिरका मुख्यमन्त्री उमर अब्दुल्लाले रिपोर्ट गर्नु भएको छ । बाढीले पाहाडबाट झारेको माटो, ठुला ढुङ्गाहरू र भग्नावशेषहरू उत्खनन गर्न आवाश्यक मेसिन तथा सैनिकहरू “कठोर मौसम र दुर्गम भूभागको सामना गर्दै घाइतेहरूको उद्धारमा संलग्न रहेको जनाइएको छ । विपद् व्यवस्थापनका एकजना शीर्ष अधिकारी मोहम्मद इरशादलाई उदृत गर्दै एएफपीले “६० जनाको मृत्यु भएको रेकर्ड गरिएको“ उल्लेख गरेको छ ।

“बेपत्ता व्यक्तिहरूको खोजी तीव्र पारिएको जनाउदै इरशादले करिब ५० जना गम्भीर घाइतेहरूलाई अस्पताल लगिएको बताउनु भएको छ । विज्ञहरूका अनुसार जलबायु परिवर्तन, बिकासको नाममा भएको विनास लगायतका कारणले, गम्भीरताका साथ अघि बढीइरहेको बताएका छन् । गत अगस्ट ५ मा भारतको उत्तराखण्डमा आएको बाढी जन्य प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या ७० भन्दा बढी पुगेको जनाइएको छ । संयुक्त राष्ट्र सङ्घको विश्व मौसम विज्ञान सङ्गठनले गत वर्षको तीव्र बाढी र खडेरी जलबायु परिवर्तनले जल चक्रलाई प्रभावित बनाएको कारण मौसमी “सङ्कट वृद्धि भएको बताइएको छ । आँधीका कारण सडकहरू पहिले नै क्षतिग्रस्त भइसकेकाले यस क्षेत्रको मुख्य सहर श्रीनगरबाट सडक मार्फत २०० किलोमिटर भन्दा बढी भाग बाढीले थप अवस्थित भएको जनाइएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार नयाँ दिल्लीमा आफ्नो स्वतन्त्रता दिवसको अवसरमा दिएको भाषणमासमेत उक्त विपत्तिलाई सम्बोधन गर्नु भएको छ । पछिल्ला केही दिनदेखि हामीले प्राकृतिक प्रकोप, बाढी पहिरो लगायतका प्रकोपहरूको सामना गरिरहेका छौं“, मोदीले आफ्नो सार्वजनिक सम्बोधनमा भन्नु भयो । उहाँले प्रभावित जनताहरु प्रति सहानुभूति व्यक्त गर्दै प्रदेश सरकार र केन्द्र सरकार मिलेर काम गरिरहेको बताउनु भएको छ ।

### पाकिस्तानमा वर्षाका कारण कम्तीमा ३० जनाको मृत्यु

पेशावर (पाकिस्तान), ३० साउन (रासस/एएफपी) ।

भारी मनसुन वर्षाले उत्तरी पाकिस्तानमा बाढी र आकस्मिक बाढी निम्त्याउदा कम्तिमा ३० जनाको मृत्यु हुनुका साथै अन्य धेरैजना घरको भग्नावशेषमा फसेको विपद् एजेन्सिका अधिकारीहरूले शुक्रबार बताएका छन् । खैबर पख्तुनख्वा प्रान्तमा विगत २४ घण्टामा कम्तीमा २३ जनाको तथा कश्मीरमा सात जनाको मृत्यु भएको क्षेत्रीय विपद् व्यवस्थापन अधिकारीहरूले पुष्टि गरेका छन् । बाढीमा उत्तरपश्चिमी बाजौर जिल्लामा धेरै घरहरू बगादा १६ जनाको मृत्यु भएको छ र २० भन्दा जना बढी भग्नावशेसमा फसेको प्रान्तीय प्रकोप व्यवस्थापन एजेन्सीलाई उदृत गर्दै एएफपीले बताएको छ । यसै क्रममा मौसम विज्ञान विभागले उत्तरपश्चिम क्षेत्रमा भारी वर्षाको चेतावनी पनि जारी गर्दै मानिसहरूलाई “जोखिम“ बाट बच्न आग्रह गरेको छ । वार्षिक मनसुनी मौसमले दक्षिण एसियामा ७० देखि ८० प्रतिशत बर्षा हुने हुनाले कृषि र खाद्य सुरक्षाका लगायतका क्षेत्रमा विनाश ल्याउँने जनाइएको छ । यस अघि सन् २०२२ मा आएको मनसुनी बाढीले देशको एक तिहाइ भाग डुबाउदा एक हजार ७०० जनाको मृत्यु भएको थियो ।

### द्वितीय विश्वयुद्धको ८० वर्षपछि जापानी सम्राटद्वारा ‘गहिरो पश्चात्ताप’ व्यक्त

टोकियो, ३० साउन (रासस/एएफपी) ।

द्वितीय विश्वयुद्धमा जापानको आत्मसमर्पणको ८०औं बार्षिकोत्सवको अवसरमा सम्राट नारुहितोले शुक्रबार ‘गहिरो पश्चात्ताप’ व्यक्त गर्दै युद्धमा ज्यान गुमाएका लाखौंप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ । टोकियोको यासुकुनी मन्दिरमा हजारौं मानिसले चर्को गर्मीको बीचमा श्रद्धाञ्जलि दिए । यो मन्दिरले १९औं शताब्दीको अन्त्यदेखि मृत्यु भएका मुख्यतया २५ लाख जापानी सैनिकलाई सम्मान गर्छ, तर केही युद्ध अपराधीहरूलाई पनि सम्मान भाव प्रकट गर्ने भएकाले विवादास्पद मानिन्छ । यहाँ जापानी मन्त्रीहरूको उपस्थितिले चीन र दक्षिण कोरियालगायत युद्धपीडित देशहरूलाई क्रोधित बनाउँदै आएको छ । सहरको केन्द्रमा आयोजित समारोहमा सम्राट नारुहितोले महारानी मासाकोसँग सहभागिता जनाउँदै भन्नुभयो, “अन्तिम युद्धमा आफ्नो बहुमूल्य जीवन गुमाएका असङ्ख्य व्यक्ति र तिनीहरूका शोकाकुल परिवारहरूसँग मेरा विचारहरू छन् । हाम्रो विगतप्रति चिन्तन गर्दै र गहिरो पश्चात्तापको भावनालाई दिमागमा राख्दै म इमानदारीपूर्वक यस्तो विनाश फेरि कहिल्यै नदोहोरियोस् भन्ने आशा गर्छु ।”

प्रधानमन्त्री शिगेरु इशिबाले पनि शान्तिका लागि काम गर्ने वाचा गर्नुभयो । यद्यपि उहाँले यासुकुनी मन्दिरमा परम्परागत भेटी पठाउनुभयो, जसले फेरि विवाद जन्माएको छ । पूर्व प्रधानमन्त्री शिन्जो आबेको भ्रमणले अन्तर्राष्ट्रिय आलोचनाको सामना गर्नुपरेकाले सन् २०१३ यता कुनै पनि प्रधानमन्त्रीले मन्दिर भ्रमण गरेका छैनन् । उक्त दिन कृषिमन्त्री शिन्जिरो कोइजुमी, विपक्षी नेत्री सानाए ताकाइची र राष्ट्रवादी सानसेइतो पार्टीका सदस्यहरू पनि मन्दिर पुग्नुभएको थियो । मन्दिर परिसरमा तापक्रम ३० डिग्री सेल्सियसभन्दा बढी थियो । धेरैले छाताहरू प्रयोग गरी घामबाट बच्ने प्रयास गरेका थिए । केही बिरामी समेत परे । स्थानीय नागरिकहरू युद्धका पाटाहरू सम्झन र आत्मचिन्तन गर्न मन्दिर पुगेका थिए । एक आगन्तुक ताकाशी इगुचीले भन्नुभयो, “हामी युद्धको सम्भावना रहेको समयमा बाँचेका छौं । जापानको इतिहास सम्झनु अहिले झन् महत्त्वपूर्ण छ ।” सम्राट नारुहितो, महारानी मासाको र राजकुमारी ऐकोले अर्को महिना नागासाकी भ्रमण गर्नुहुनेछ । त्यहाँ उहाँहरूले परमाणु बमबाट बाँचेकाहरूलाई भेट्ने र युद्धपीडितलाई श्रद्धाञ्जलि अर्पण गर्ने कार्यक्रम छ । यो सम्राटको सिंहासनमा आरोहणपछिको पहिलो नागासाकी भ्रमण हुनेछ ।

# बेवारिसे अवस्थामा गाजा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरीमा लागूऔषध गाँजा बेवारिसे अवस्थामा भेटिएको छ । जिल्लाको सुरुङा नगरपालिका ११ महेशपुरस्थित आँपको बगैचामा शुक्रबार बिहान २:३० बजेतिर उक्त गाँजा बरामद भएको छ ।

सेतो प्लाष्टिकको बोरामा हरियो प्लाष्टिकले बेरेको अवस्थामा ५ वटा पोका भेटिएको र उक्त पोकामा १२५ किलो गाँजा भेटिएको प्रहरीले जनाएको छ ।

विशेष सूचनाको आधारमा पुगेको प्रहरी चौकी धातिबाट प्रहरी सहायक निरीक्षक बिन्द्रा राय यादवको कमाण्डमा ५ जना र सशस्त्र प्रहरी बेस पातोबाट प्रहरी नायब उपरीक्षक नरेन्द्र सिहं धामीको कमाण्डमा ७ जनाको संयुक्त टोलीले गाँजा बरामद गरेको हो ।

उक्त गाँजा इलाका प्रहरी कार्यालय कडरबोनामा राखी अन्य अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

# अकूत सम्पत्ति आर्जन गरेको अभियोगमा मुद्दा

काठमाडौँ, ३० साउन (रासस) ।

अकूत सम्पत्ति कमाएको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग भृकुटीमण्डपमा कार्यरत सचिन्द्रकुमार यादवविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले यादव सरकारी सेवामा नियुक्त भएको २०६६ जेठ २४ देखि २०७९ साउन २९ गतेसम्मको परीक्षण गरेको थियो ।

यादवले सो अवधिमा कुल रु दुई करोड ६८ लाख १८ हजार ९०० बराबरको वैध आयआर्जन गरेको देखिन्छ । सो अवधिमा यादवले रु तीन करोड ६५ लाख चार हजार ४५३ बराबरको खर्च तथा लगानी गरेको पाइएको छ । आयोगले परीक्षण गर्दा रु ९६ लाख ८५ हजार ५५३ बराबरको रकमको स्रोत खुल्न नसकेको पाइएको छ ।

पदीय हैसियत दुरुपयोग गरेर गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको आयोगको आरोप छ । आयोगका अनुसार गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति पत्नी आशाकुमारी यादवको नाममा राखेको समेत पाइएको छ ।

आयोगले आरोपी यादव र उहाँका पत्नी आशाकुमारीलाई प्रतिवादी कायम गरी विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

# गत आवमा सरकारी खर्च १५ खर्ब आठ अर्ब

काठमाडौँ, ३० साउन (रासस) ।

आर्थिक वर्ष २०८१/८२ मा सरकारको रु १५ खर्ब आठ अर्ब २३ अर्ब ११ करोड बराबर कुल खर्च भएको छ । आव २०८०/८१ मा कुल रु १४ खर्ब आठ अर्ब ७६ करोड बराबर खर्च भएको थियो ।

त्यसैगरी, चालुतर्फ ८५ दशमलव ९५ प्रतिशत अर्थात् रु नौ खर्ब ८० अर्ब ३८ करोड, पुँजीगततर्फ ६३ दशमलव दुई प्रतिशत अर्थात् रु दुई खर्ब २२ अर्ब ६८ करोड खर्च भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता आदानप्रदान समारोहमा गरिएको प्रस्तुतिअनुसार वित्तीय व्यवस्थातर्फ ८७ दशमलव ८७ अर्थात् रु तीन खर्ब २० अर्ब चार करोड बराबर खर्च भएको छ । विसं २०८१ को असार मसान्तको तुलनामा २०८२ असार मसान्तसम्म चालुतर्फ दुई दशमलव ९४ प्रतिशत बढी खर्च भएको हो ।

यस्तै, पुँजीगततर्फ २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा १६ दशमलव १५ प्रतिशत बढी खर्च भएको छ । आव २०८१/८२ मा वित्तीय व्यवस्थातर्फ ८७ दशमलव १४ प्रतिशत खर्च भएको छ । वार्षिक लक्ष्यको कुल ८१ दशमलव ८७ प्रतिशत खर्च भएको देखिएको छ ।

आव २०८१/८२ मा कर राजस्व वार्षिक लक्ष्यको ८१ दशमलव ७५ प्रतिशत र गैरकर राजस्व ९५ दशमलव ४५ प्रतिशत सङ्कलन भई कुल राजस्व सङ्कलन वार्षिक लक्ष्यको ८३ दशमलव शून्य छ प्रतिशत पुगेको छ र । आव २०८०/८१ मा कुल राजस्व रु १० खर्ब ३० अर्ब ३४ करोड सङ्कलन भएकामा आव २०८१/८२ मा रु ११ खर्ब ७८ अर्ब ८२ करोड सङ्कलन भएको छ । अघिल्लो वर्षको तुलनामा १४ दशमलव ४१ प्रतिशत बढी हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले उपलब्ध गराएको विवरणअनुसार अघिल्लो वर्षको तुलनामा कर राजस्व १३ दशमलव २५ प्रतिशत र गैरकर राजस्व २८ दशमलव आठ प्रतिशतले वृद्धि भएको हो ।

आव २०८१/८२ मा कुल आयात रु १८ खर्ब चार अर्ब १२ करोड, निर्यात रु दुई खर्ब ७७ अर्ब तीन करोड बराबर भएको छ । कुल व्यापारघाटा रु १५ खर्ब २७ अर्ब नौ करोड बराबर भएको छ । अघिल्लो वर्षको तुलनामा आयात १३ दशमलव तीन प्रतिशत र निर्यात ८१ दशमलव आठ प्रतिशतले वृद्धि भएको छ ।

# पेस्तोल, म्यागिजन र सात राउण्ड गोलीसहित एकजना पक्राउ

काठमाडौँ, ३० साउन (रासस) ।

प्रहरीले काठमाडौँ महानगरपालिका-१६ चमतीबाट अटोकेटिक पेस्तोल, दुई थान म्यागिजन र सात राउण्ड गोलीसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-१ घर भई हाल काठमाडौँ महागरपालिका-१६ चमती डेरा गरी बस्ने २९ वर्षीय शिवराज दराई रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आज दिउँसो निज दराईको कोठा शङ्का लागि जाँच तथा खानतलासी गर्दा लुकाइछिपाइ राखेको अवस्थामा अटोमेटिक पेस्तोल एक थान, सो पेस्तोलमा लाग्ने म्यागिजन दुई थान र ७.६५ एमएमको गोली सात राउण्डसहित निजलाई टोखा नगरपालिका-९ स्थित होटलको कोठाबाट पक्राउ गरिएको हो ।"

दराईलाई हातहतियार खरखजानासम्बन्धी मुद्दामा प्रहरी वृत्त बालाजुबाट थप अनुसन्धान भइरहेको तथा निजविरुद्ध प्रहरी वृत्त कीर्तिपुरबाट २०७८ साल असोज १८ गते अभद्र मुद्दा र २०८० कात्तिक १९ गते लागुऔषध मुद्दासमेत चलेको देखिएको प्रवक्ता बोहराले बताउनुभयो ।

# सामाजिक सञ्जाललाई कानुनी दायरामा आउनुपर्छ : प्रधानमन्त्री

ललितपुर, ३० साउन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जाल कानुनी दायरामा आउनुपर्ने बताउनुभएको छ । आइसिटी फाउण्डेशनद्वारा शुक्रबार यहाँ आयोजित 'डिजिटल नेपाल कन्क्लेभ २०२५' को उद्घाटनसत्रमा प्रधानमन्त्री ओलीले सबै सामाजिक सञ्जाल नेपालको प्रचलित कानुनअनुसार दर्ता हुनुपर्ने, कर तिर्नुपर्ने र अन्य दायित्वहरु पूरा गर्नुपर्ने बताउनुभएको हो । प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याउन यसअघि सूचना तथा सञ्चार प्रविधि मन्त्रालयलाई निर्देशन दिइसक्नुभएको छ ।

"सूचना प्रविधिसँग सम्बन्धित रहेर नेपालमा हुने सबै किसिमका कारोबार नेपाल सरकारले थाहा पाउनुपर्छ, नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जालले कानुनअनुसार दायित्व पूरा गर्नुपर्छ र कर तिरेको हुनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो । सूचना प्रविधिका क्षेत्रको विकासका लागि सरकारले गर्ने उल्लेख गर्दै उहाँले थप्नुभयो, "सरकार जनताका लागि हो, जनताले चाहेको सूचना प्रविधिको विकास र प्रवर्द्धनमा सरकारले ध्यान दिन्छ, सूचना प्रविधिका क्षेत्रमा स्वदेश र विदेशमा लगानी गरेर आम्दानी गर्न सकिन्छ, तपाईंहरु आत्मविश्वासका साथ अगाडि बढ्नुस्, सरकार तपाईंको साथमा छ ।"

प्रधानमन्त्री ओलीले तीव्र रुपमा विकास भएको सूचना प्रविधिले मानिसलाई घिसारिरहेको उल्लेख गर्दै पुष्पलाल मध्यपहाडीको आफ्नो यात्राका क्रममा रुकुमको दुर्गम गाउँका बूढीआमाहरुले पनि फेसबुक चलाउन जानेको जानकारी पाउँदा खुसी लागेको स्मरण गर्नुभयो ।

उहाँले डिजिटल प्रविधि र हरित ऊर्जाका लागि नेपाल उपयुक्त गन्तव्य भएको उल्लेख गर्दै आर्टिफिसियल इन्टेलिजेन्सको भरपुर प्रयोग गरेर विकास र समृद्धिमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

आफ्नो घोषणाबमोजिम अनलाइन माध्यमबाट गत वर्षदेखि एसइईका विद्यार्थीहरुलाई शिक्षण गराउँदा एक लाख ५० हजारभन्दा बढीले लाभ लिएर नतिजामा सुधार आएको उहाँको भनाइ थियो । उहाँले बालबालिकालाई मोबाइलबाट जोगाउँदै शिक्षा र विकासमा यसको उदुपयोग गर्नुपर्ने बताउनुभयो ।

सरकारले हालै एआई नीति पारित गरेको र सूचना प्रविधिसँग सम्बन्धित विकासलाई कसरी रुपान्तरण र परिवर्तन गर्ने भनेर ध्यान दिइएको बताउँदै उहाँले भएको विकास नदेखेर केहीले नियतबस निराशा फैल्याउन खोजेको टिप्पणी गर्नुभयो ।

उहाँले अहिले सरकारले स्थिरता, सुशासन र विकासमा सूचना प्रविधिको उपयोगमा स्पष्ट रहेकाले यसमा निजी क्षेत्रलाई प्रोत्साहित गरिने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले सरकारले सुशासन कायम गर्नका लागि पनि सूचना प्रविधिको प्रयोग आवश्यक भएको बताउनुभयो । उहाँले सूचना प्रविधिको उपयोग, विकास र मानिसको आचरणमा सुधार गरेर भ्रष्टाचार शून्यमा पुऱ्याउन सकिने धारणा राख्नुभयो ।

# अनशनरत व्यक्तिको जीवन रक्षा गर: मानवअधिकार आयोग

काठमाडौँ, ३० साउन (रासस) ।

राष्ट्रिय मानवअधिकार आयोगले कञ्चनपुरको महेन्द्रनगर, मदनचोकमा आमरण अनशनमा रहेका आरक्षपीडितको न्याय र जीवन रक्षाका लागि आग्रह गरेको छ ।

आयोगका सहसचिव डा टीकाराम पोखरेलले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी आमरण अनशनरत सङ्घर्ष समितिका अध्यक्ष जयबहादुर रोकाया र रणबहादुर बमको जीवन रक्षा गर्न माग आग्रह गरेको हो । "स्वास्थ्य अवस्थालाई समेत ध्यानमा राखी निजहरूको मागका सम्बन्धमा यथाशीघ्र वार्ता गरी सहमतिकै माध्यमबाट अनशनरत व्यक्तिको जीवनरक्षा गर्न आयोग तीनै तहका सरकारलाई आग्रह गर्दछ",विज्ञप्तिमा भनिएको छ,"यसका साथै आमरण अनशनलाई स्थगित गरी आफ्ना माग र अधिकारका सम्बन्धमा वार्ता, छलफल र कानुनी बाटो अवलम्बन गर्न अनशनरत पक्षलाई समेत आयोग आग्रह गर्दछ ।"

आरक्षपीडितलाई क्षतिपूर्तिको व्यवस्था, ढक्का र तारापुरलगायत क्षेत्रका जनताको बसोबासको व्यवस्था, आरक्षपीडितलाई द्वन्द्वपीडित घोषणा, निःशुल्क स्वास्थ्य र शिक्षालगायत माग राख्दै २०८२ साउन २२ गतेदेखि रोकाया र बम आमरण अनशनमा हुनुहुन्छ ।

यस विषयमा आयोगमा ज्ञापनपत्रसमेत प्राप्त भएको र महेन्द्रनगरका साथै कञ्चनपुरकै वाणी र लालझाडीको ढक्का शिविरमा भइरहेका रिले अनशनको आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीबाट अनुगमनसमेत भएको जनाइएको छ ।

आमरणअनशनरत व्यक्ति ज्येष्ठ नागरिक रहेको र अनशन लम्बिँदै जाँदा निजहरूको स्वास्थ्य अवस्था दिनप्रतिदिन नाजुक बन्दै गएको अनुगमनबाट पाइएको आयोगले जनाएको छ ।

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु ।

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं.
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं.
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं.
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं.
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं.
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं.
- रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं.
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं.
- झुल लगायर खाटमा मात्र सुतौं ।

सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*